Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

# राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

# NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

1993

Member: Disabled Peoples' International (DPI), Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.:

च नं. २५२।०८२।०८३

मिति २०८३।०१।०८ गते

## प्रेस विज्ञप्ति

राष्ट्रिय अपांग महासंघ नेपालको १०औँ महाधिवेशन सफल सम्पन्नता, विधिसम्मत वैधता तथा सुरक्षा निकायको प्रशंसनीय भूमिकाबारे राष्ट्रिय अपांग महासंघ नेपालले, नेपालको अपाङ्गता अधिकार आन्दोलनलाई सुदृढ, संस्थागत र परिणाममुखी बनाउन विगतदेखि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। यही २०८२ साल चैत्र २७ र २८ गते सम्पन्न महासंघको १०औँ महाधिवेशन सफलतापूर्वक सम्पन्न भएसँगै महासंघ नयाँ जिम्मेवारी, नयाँ आशा र थप सशक्त प्रतिबद्धताका साथ अगाडि बढेको जानकारी गराउन चाहन्छ। संघीय संरचना अनुरूप विकसित हुँदै गएको वर्तमान राष्ट्रिय सन्दर्भमा, देशभर अपाङ्गता अधिकार आन्दोलनलाई अझ प्रभावकारी, समावेशी र सशक्त बनाउने महत्वपूर्ण जिम्मेवारी महासंघको काँधमा आएको छ।

महासंघ, प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै संयुक्त राष्ट्रसंघीय अपाङ्गता अधिकारसम्बन्धी महासन्धि (CRPD) को प्रभावकारी कार्यान्वयन, प्रदेशस्तरीय सञ्जालको सुदृढीकरण, नेपालको संविधानले प्रत्याभूत गरेको अपाङ्गता समावेशीकरणलाई व्यवहारिक यथार्थमा रूपान्तरण, तथा सुशासन, पारदर्शिता, जवाफदेहिता र सहभागिताको सिद्धान्त अनुरूप मानव अधिकारको पूर्ण प्रत्याभूति सुनिश्चित गर्न प्रतिबद्ध रहेको छ। साथै, कानुनको पालना गर्दै, नियामक सरकारी निकायहरू विशेषतः जिल्ला प्रशासन कार्यालयबाट जारी निर्देशनहरूको सम्मानपूर्वक कार्यान्वयन गरी राष्ट्रिय उद्देश्य परिपूर्ति गर्न महासंघ समर्पित रहेको स्पष्ट गर्दछ। महासंघको १०औँ महाधिवेशन आयोजना तथा सञ्चालनको सन्दर्भमा सम्बन्धित निकायका निर्देशनअनुसार आवश्यक कानुनी, प्रशासनिक तथा प्रक्रियागत तयारीहरू पूरा गरिएको थियो। यसबीच महाधिवेशन रोक्न माग गर्दै केही व्यक्तिहरूद्वारा उच्च अदालत पाटनमा उजुरी दायर गरिएको भए पनि उच्च अदालत पाटनबाट महाधिवेशन रोक्ने किसिमको निशेधात्मक आदेश जारी नभएको अवस्थाले महाधिवेशनको सञ्चालनमा कुनै कानुनी अवरोध नरहेको स्थिति स्पष्ट भएको थियो। यस्तो अवस्थामा पनि केही अराजक तत्वहरूले हुलहुज्जत, अभद्र व्यवहार, डरधम्की तथा कार्यक्रम बिथोल्ने उद्देश्यसहित अवाञ्छित गतिविधि गरेको कुरा महासंघको फोटो र भिडिओबाट पुष्टि हुन्छ।

यद्यपि, रुपन्देही जिल्लास्थित सुरक्षा निकायको सहयोग, उच्च सतर्कता, संयम, धैर्यता र सुझबुझपूर्ण हस्तक्षेपका कारण महाधिवेशन सफलतापूर्वक सम्पन्न हुन सक्यो। यसले देशका विभिन्न जिल्लाबाट सहभागी हुन आएका करिब ८०० जना अपाङ्गता भएका नेतृत्वतहका प्रतिनिधि तथा सदस्यहरूको सुरक्षा सुनिश्चित गर्नुका साथै नेपालमा अपाङ्गता अधिकार आन्दोलनलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको महासंघको ठहर छ। महासंघ यस अवसरमा विशेष रूपमा उल्लेख गर्न चाहन्छ कि, महाधिवेशन अवधिभर देखिएको सुरक्षा चुनौतीलाई न्यूनिकरण गर्न सुरक्षा निकायले निर्वाह गरेको भूमिका अत्यन्त प्रशंसनीय रह्यो। महाअधिवेशन कार्यतालिका अनुसार, महाधिवेशन दुई दिन सञ्चालन हुने गरी पहिलो दिन बन्दसत्र र दोस्रो दिन निर्वाचन कार्यक्रम तय गरिएको थियो।

1993

# राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

Member: Disabled Peoples' International (DPI); Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.:

देशभरबाट सदस्यहरू बुटवलमा उपस्थित भइसकेको अवस्थामा, केही व्यक्तिहरूको सानो समूहले कार्यक्रम बिथोल्ने, अवरोध सिर्जना गर्ने र समग्र वातावरण अस्थिर बनाउने प्रयास गर्न सक्ने पूर्वसूचना महासंघलाई प्राप्त भएको थियो । सोही कारण महासंघले पूर्वसम्पर्कका माध्यमबाट नेपाल प्रहरीका संगठन प्रमुख, जिल्लाका प्रहरी प्रमुख तथा स्थानीय सुरक्षा निकायलाई प्रत्यक्ष जानकारी गराउँदै आवश्यक सुरक्षा माग गरेको थियो । महाधिवेशनको पहिलो दिन बन्दसत्र सञ्चालन भइरहेका बेला उक्त समूहद्वारा होहल्ला, अवरोध तथा मञ्चतर्फ अस्वाभाविक रूपमा अगाडि बढ्ने प्रयास गरिएको समेत फोटो भिडिओमा देखिएको छ । मञ्चमा रहेका व्यक्तिहरूको सुरक्षा जोखिमलाई ध्यानमा राखी सुरक्षाकर्मीहरूले मञ्चअगाडि उभिएर अवरोध नियन्त्रण गरेका थिए। स्थिति तनावपूर्ण बन्दै गए पनि सुरक्षाकर्मीहरूले उच्च संयम अपनाउँदै, एक लाइनको सुरक्षात्मक संरचना बनाएर, थप क्षति हुन नदिने प्रयास गरेका थिए । कार्यक्रम बिथोल्ने नियतले बारम्बार अवरोध, धक्कामुक्का, सुरक्षाकर्मीमाथि बल प्रयोग तथा तनाव सिर्जना गरिए पनि सुरक्षाकर्मीहरूले आफ्नो जिम्मेवारीबाट विचलित नभई स्थिति नियन्त्रणमा राख्न महत्वपूर्ण भूमिका खेलेका थिए। पछि हलको ढोकाको सिसा फुटाउने र भागदौडको अवस्था सिर्जना गर्ने प्रयास भएपछि, सुरक्षा व्यवस्थापनका लागि संलग्न व्यक्तिहरूलाई कार्यक्रमस्थलबाट हटाई आवश्यक नियन्त्रणमा लिइएको थियो । यस घटनासँग सम्बन्धित भनी विभिन्न अनलाइन माध्यममा प्रकाशित केही समाचार तथा भिडियो सामग्रीहरू त्यस दिनका विभिन्न अंशहरू जोडेर सम्पादित रूपमा सार्वजनिक गरिएको देखिएको हुँदा महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघको धारणा अनुसार, ती सामग्रीहरूलाई पूर्ण सन्दर्भविनै प्रचारमा ल्याई प्रहरी संगठनमाथि "अशोभनीय शैली" को आरोप लगाउने र सुरक्षाकर्मीको भूमिकालाई बदनाम गर्ने प्रयास गरिएको छ । महासंघ यस्ता आंशिक, सम्पादित र सन्दर्भविहीन सामग्रीप्रति गम्भीर ध्यानाकर्षण गराउँदै घटनाको समग्रता, सुरक्षा जोखिमको प्रकृति तथा विधिसम्मत नियन्त्रण प्रक्रियालाई हेरेर मात्र निष्कर्षमा पुग्न सबै पक्षसँग अनुरोध गर्दछौं । मिति २०८२/१२/२८ गते, अर्थात् निर्वाचन कार्यक्रम सम्पन्न हुने दिन, सोही समूहद्वारा अवरोधलाई अझ तीव्र बनाउने, लोकतान्त्रिक पद्धति र संगठनात्मक प्रक्रियाप्रति असम्मान जनाउने, तथा कार्यक्रम बिथोल्न निरन्तर जबरजस्ती गर्ने गतिविधि भएको कुरा स्पष्ट छ। निर्वाचन समितितर्फ सहायक सामग्री, मुत्र भरेर पानिको बोतल प्रहार गर्ने, कार्यक्रमस्थलको मर्यादा र अनुशासनविपरीत व्यवहार गर्ने, तथा सुरक्षा घेरालाई कमजोर बनाउने उद्देश्यले गतिविधि दोहोर्याइए पनि प्रहरीले निरन्तर कर्डन गरी निर्वाचन प्रक्रियालाई सुरक्षा दिइरहेको थियो । त्यसक्रममा खटिएका सुरक्षाकर्मीमाथि बैशाखी लगायतका सामग्री प्रयोग गरी आक्रमण गर्ने, शिल्डमा क्षति पुर्‍याउने, महिला प्रहरीसमेतमाथि दुर्व्यवहार गर्ने र प्रहरीकै लाठी खोसेर प्रहार गर्ने जस्ता गम्भीर र निन्दनीय कार्य भएको भिडिओमा देखिन्छ।

त्यसपछि स्थिति थप बिग्रन नदिन उपद्रव मच्चाउने समूहका मुख्य व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। महासंघको जानकारी अनुसार, नियन्त्रणमा लिइएका व्यक्तिसमेतलाई प्रहरीले सीसीटीभी निगरानीमा राखी आवश्यक सावधानी अपनाएको, स्वास्थ्य परीक्षण गराएको, र सम्बन्धित आफन्तको जिम्मा लगाउने प्रक्रिया पूरा गरेको थियो। यसबाट सुरक्षाकर्मीहरूले केवल नियन्त्रणात्मक भूमिका मात्र नभई कानुनी प्रक्रिया, मानवीय संवेदनशीलता तथा जिम्मेवार कार्यशैली पनि अपनाएको स्पष्ट हुन्छ।

Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

# राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल

NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

1993

Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

Ref.:

राष्ट्रिय अपांग महासंघ नेपाल स्पष्ट रूपमा भन्न चाहन्छ कि, यसको १०औं महाधिवेशन वैधानिक, आधिकारिक र संगठनात्मक प्रक्रियाअनुरूप सम्पन्न भएको हो । न्यायिक निकायबाट रोक नलागेको अवस्थामा कार्यक्रम बिथोल्ने, हुलहुज्जत गर्ने, डरधम्की दिने, हिंसात्मक वा अव्यवस्थित दबाब सिर्जना गर्ने कार्य कुनै पनि लोकतान्त्रिक संगठनात्मक मूल्य, कानुनी शासन र संस्थागत मर्यादासँग मेल खाने कुरा होइन । यस्ता गतिविधि केवल महासंघको महाधिवेशनविरुद्ध मात्र नभई, विधि, संस्था, प्रतिनिधिमूलक अभ्यास र अपाङ्गता अधिकार आन्दोलनकै मूल भावनाविरुद्ध लक्षित प्रयासका रूपमा हेरिनुपर्दछ । त्यसैले, महासंघ यस्को १०औं महाधिवेशन सफलतापूर्वक सम्पन्न गराउन सहयोग पुऱ्याउने अपाङ्गता भएका व्यक्तीहरुको देशव्यापी सदस्य संस्थाहरु, नेपाल प्रहरी, जिल्ला प्रशासन, स्थानीय सुरक्षा निकाय, निर्वाचन प्रक्रियामा संलग्न सबै समिति, प्रतिनिधिहरू, स्वयंसेवकहरू तथा धैर्यता र अनुशासनका साथ सहभागी सम्पूर्ण सदस्यहरू प्रति हार्दिक आभार व्यक्त गर्दछ ।

विशेषतः, जटिल र तनावपूर्ण परिस्थितिमा समेत कानुनको पालना, सार्वजनिक सुरक्षा, संगठनात्मक मर्यादा र सहभागीहरूको सुरक्षालाई केन्द्रमा राखी कार्य गर्ने सुरक्षा निकायको भूमिका प्रशंसनीय, व्यावसायिक र मनोबलवर्द्धक रहेको महासंघ जोडदार रूपमा उल्लेख गर्दछ। अन्त्यमा, राष्ट्रिय अपांग महासंघ नेपाल सबै सरोकारवालालाई विधिको शासन, संस्थागत प्रक्रिया, लोकतान्त्रिक अभ्यास र अपाङ्गता भएका व्यक्तिहरूको गरिमा, अधिकार र प्रतिनिधित्वको सम्मान गर्न आग्रह गर्दछ । महासंघ आगामी दिनमा थप एकता, जिम्मेवारी, पारदर्शिता र समन्वयका साथ अपाङ्गता अधिकार आन्दोलनलाई राष्ट्रिय रूपमा अझ सुदृढ, विश्वसनीय र प्रभावकारी बनाउन निरन्तर अग्रसर रहने प्रतिवद्धता व्यक्त गर्दछ ।

हाल विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा महासंघको १० औं महाधिवेशनको विषयलाई लिएर नकारात्मक र भ्रामक रुपमा फैलाइएको विषय प्रति गम्भिर ध्यानाकर्षण भएको छ। सो सम्बन्धमा यस महासंघको अनुशासन आयोगले गरेको स्थलगत संक्षिप्त अध्ययन प्रतिवेदन विवरण निम्नानुसार रहेको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

मिति २०८२/१२/२७ गते को घटना सम्बन्धमा

राष्ट्रिय अपांग महासंघ नेपालको महाधिवेशनमा भएको घटना सम्बन्धमा विभिन्न अनलाईनमा प्रकाशित समाचारहरु त्यस दिन भएका थुप्रै भिडियो क्लिप्सहरु जोडिएर बनाईएको भिडियोहरु हुन् ।

महाधिवेशनमा नेपालको विभिन्न जिल्लाहरुबाट सदस्यहरु बुटवलमा जम्मा भएका थिए। महाधिवेशन २ दिनसम्म सन्चालन हुने तय भएको थियो । पहिलो दिन बन्द सत्र र दोश्रो दिन निर्वाचन हुने भन्ने तय भएको थियो। सोही बमोजिम महासंघले तयारी पनि गरेको थियो । सोही तयारी गर्दै गर्दा हामीलाई एउटा जानकारी के पनि थियो भने यस महाधिवेशनलाई भांड्न खोज्ने ८/१० जनाको केही समुह पनि छन् र सम्पूर्ण वातावरण बिगार्ने र उपद्रव पनि गर्ने भन्ने थियो र सोही बमोजिम यस महासंघको तर्फबाट हामीले नेपाल प्रहरीका संगठन प्रमुखलाई पनि अवगत गराएका थियौं र जिल्लाका प्रहरी प्रमुख र स्थानीय प्रहरी प्रमुखलाई समेत प्रत्यक्ष भेटी अवगत गराई सुरक्षाको माग पनि गरेका थियौं । महाधिवेशनको पहिलो दिनमै त्यही ८/१० जनाको समुहले बन्द सत्रमा होहल्ला शुरु गरे ।

मन्चमा बसिरहेका व्यक्तिहरुलाई मन्चमै आई आक्रमण गर्ने प्रयास गरेका थिए तर प्रहरी कर्मचारीहरुले त्यस कार्यलाई मन्चको अगाडी खडा भई मन्चमा आउन नदिने गरि छेके । तर पनि त्यो समुह बारम्बार मन्चमै आई मन्चमा बसिरहेका व्यक्तिहरुलाई क्षति पुर्याउन खोजेका थिए । सो कार्य बारम्बार गरिरहे र सुरक्षाकर्मीलाई धक्का दिने, मुक्काले हिर्काउने, आफुले प्रयोग गरेका ह्विलचेयरले खुट्टामै चोट पुर्याउने, आफुसंग भएको बैशाखीले सुरक्षाकर्मीको खुट्टामा हान्ने बारम्बार गरिरहे तर पनि सुरक्षाकर्मीले त्यस कार्यलाई रोक्ने-छेक्ने प्रयास गरे । सुरक्षाकर्मीले एक लाईनको formation बनाई अगाडी बढ्न दिएनन् । उक्त समुहले हरथोग प्रयास गरी आक्रमण गर्ने र सम्पूर्ण महाधिवेशनको गतिविधिलाई बिथोल्ने प्रयास गरेरहे । बारम्बारको प्रयास पछि पनि असफल भए पश्चात महासंघका गण्डकी प्रदेश अध्यक्ष हेम गुरूङ सहितको टोलीले हलको ढोकाको सिसा फुटाई भागदौड् मच्चाए । त्यस्ता कार्यमा संलग्नलाई तुरुन्त यस कार्यक्रम स्थलबाट हटाउनु पर्यो भने पश्चात प्रहरीले पक्राउ गरी आफ्नो कार्यालयमा लगेको हो । सोही घटनाको केही दृश्य सम्पादित गरी "अशोभनीय शैली" भनी प्रहरी संगठनलाई आक्षेप लगाई बदनाम गर्ने प्रयास गरिएको छ । महाधिवेशन सफल पार्न खटिएका बहिरा अपाङ्गता भएका स्वयम् सेवक माथि मुक्का प्रहार गर्नुको साथै बैशाखी प्रहार गरी आँखाको बायाँ भाग रक्ताम्य बनाउने कार्य समेत गरेको कुरा जानकारी गराउँदछौं ।

मिति २०८२/१२/२८ गते को घटना सम्बन्धमा

यस दिन महासंघको निर्वाचन गरी नयां कार्यसमिती बनाउने तर यस कार्यलाई विरोध गर्दै आएका सोही समुहले विरोधको पराकाष्ठा नाघे, आफ्नो नग्नता प्रदर्शन गरे । हरेक प्रयास गर्दा समेत लोकतान्त्रीक पद्धतीलाई समेत नमानी महाधिवेशन भांड्ने काममै तल्लीन रहे, जबरजस्ती गरिरहे । गेटमै योनांग देखाई पिसाब नै फेरे । निर्वाचन समिति तर्फ पानीको जार, पानीको बोत्तल र कुर्सी फाले । यति गर्दा समेत प्रहरीले कर्डन गरी कार्यक्रममा सुरक्षा दिई नै रह्यो । तर महाधिवेशनमा खटिएका प्रहरीलाई बैशाखीले पिट्न शुरु गरे, सुरक्षाकर्मीको शिल्ड फुटाले, महिला प्रहरी लगायत अन्य प्रहरीलाई समेत निज प्रहरीकै लाठी खोसेर पिटे । यस्ता निच र निर्लज्ज कार्य गरे पश्चात उपद्रव मच्चाउने समुह मध्येका मुल व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिए पश्चात पछि पनि निज व्यक्तिलाई सिसिटिभी कै निगरानीमा प्रहरीले राखेको हो र निजको आफन्तलाई समेत बुझाउंदा डक्टरबाट शारिरीक स्वास्थ्य चेकजांज गराई सम्बन्धित व्यक्तिको चिनजानकै जिम्मा लगाएको हो ।

यसरी कर्तव्यनिष्ठा रुपमा सुरक्षा कार्यमा खटिने शुरक्षा कर्मी प्रति नकारात्मक सन्देश प्रवाह गर्ने अपाङ्गता भएकै आधारमा सहानुभूति देखाई अनावश्यक सुरक्षा कर्मीको बनोबल गिराउने प्रयास गर्ने र महासंघको शाख प्रति आँच आउने गरी समाचार सम्प्रेषण नगर्न/नगराउन अनुरोध गर्दछौं । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल स्वयम् अधिकारमा काम गर्ने संस्था भएको र आन्तरिक प्रजातान्त्रिक विषयलाई अनावश्यक विवादमा नल्याउन अनुरोध गर्दछौं । साथै यस्तो विषयमा मानव अधिकार आयोग, नेपाल सरकार र मानव अधिकारको क्षेत्रमा कार्य गर्ने संघ संस्थाका प्रतिनिधिहरुलाई सुरक्षाकर्मी र महासंघको विषयमा स्पष्ट हुन आवश्यक महसुश गरेमा महासंघमा सम्पर्क गर्न समेत सादर अनुरोध गर्दछौं ।

..............
कुमार रेग्मी
महासचिव

..............
अश्वी[illegible]साल
सचिव